# मैले SSI को लागि आवेदन दिनुपर्छ?

SSI (पूरक सुरक्षा आम्दानी पनि भनिने)भनेको आवश्यकतामा भएका मानिसहरूलाई प्रदान गरिने मासिक नगद भुक्तानी हो।

SSI 65 वर्ष वा त्योभन्दा  बढी उमेरका मानिसहरू र बालबालिकाहरू सहित गम्भीर असक्षमताहरू भएका कुनै पनि उमेरका मानिसहरूको लागि हो। SSI अधिक कार्य इतिहास नभएका मानिसहरूको लागि हो। SSI को लागि योग्य हुन, तपाईंसँग केही आम्दानी र थोरै संसाधनहरू हुनुपर्छ वा कुनै पनि आम्दानी हुनुहुँदैन।

**SSI का लाभहरू के -के हुन्?**

एक जना व्यक्तिको लागि 2019 मा पेन्सिलभानियामा अधिकतम मासिक लाभ $771 (वा जोडीको लागि $ $1,157) प्लस पेन्सिलभानियाबाट $22.10 (वा जोडीको लागि $33.30) छुट्टै भुक्तानी हो।  तपाईंले पेन्सिलभानियामा SSI प्राप्त गर्नुहुन्छ भने, तपाईं स्वचालित रूपमा Medicaid प्राप्त गर्न सक्षम हुनुपर्छ र तपाईं SNAP (फुड स्ट्याम्पहरू)को लागि पनि योग्य हुनुपर्छ।

**मैले SSI को लागि कसरी आवेदन दिन सक्छु?**

- टेलिफोन:तपाईंले अपोइन्टमेन्ट निर्धारण गर्न सोमबार देखि शुक्रबारसम्म बिहान 7 बजेदेखि साँझ 7 बजेसम्म 1-800-772-1213 (TTY 1-800-325-0778) मा फोन गर्न सक्नुहुन्छ।

- आफै आएर वा व्यक्तिगत रूपमा:तपाईंले आफ्नो स्थानीय सामाजिक सुरक्षा कार्यालयमा गएर पनि SSI को लागि आवेदन दिन सक्नुहुन्छ।  तपाईंले आफ्नो कार्यालय फेला पार्न सामाजिक सुरक्षा कार्यालय लोकेटरको प्रयोग गर्न सक्नुहुन्छ:  https://secure.ssa.gov/ICON/main.jsp.

- अनलाइन: तपाईंले केही अवस्थाहरूमा SSI को लागि अनलाइनमा आवेदन दिन सक्नुहुन्छ।  यसो गर्न, तपाई;
  - 18 र 65 वर्ष उमेर बीचको हुनुपर्छ;
  - कहिल्यै विवाह नगरेको हुनुपर्छ;
  - आँखा नदेख्ने हुनुहुँदैन;
  - 50 वटा राज्य मध्ये एउटा, कोलम्बिया डिस्ट्रिक्ट वा उत्तरी मारियाना आइल्याण्ड्समा बस्ने यु.एसको नागरिक हुनुपर्छ;
  - विगतमा SSI लाभहरूको लागि आवेदन नदिएको वा प्राप्त नगरेको हुनुपर्छ; र
  - तपाईंको SSI दाबीको समयमा सामाजिक सुरक्षा असक्षमता बीमा (SSDI) को लागि आवेदन दिँदै गरेको हुनुपर्छ।

तपाईंलाई दोभाषेको आवश्यकता पर्छ भने, तपाईंसँग सामाजिक सुरक्षा कार्यालयमा दोभाषेको लागि अनुरोध गर्ने अधिकार छ।

# मलाई SSI कोलागिअस्वीकारगरियोभनेमैलेकेगर्नुपर्छ?

**<u>अपील गर्नुहोस तुरुन्तै यदि तपाईंको SSI अस्वीकार भयो भने - नपर्खनुहोस्!</u>**

सामाजिक सुरक्षा प्रशासन (SSI) कहिलेकाहीं मान्छेहरुलाई एसएसआई को लागि तल बदलन मा गल्ती गर्दछ। तपाईलाई अपील गर्नैपर्छ -अपील गर्नुहोस अनि वकील खोजनु होस्

आब अप्रिल 2019 देखी तपाइँले **<u>दुई पल्ट अपील गर्न पर्ने छ</u>**, अनि मात्रै तपाईले न्यायाधीस संग भेट्न पाईछ। पहिलो अपील रिकभरीकरण भनिन्छ। SSA ले तपाइँको मुद्दा फेरि देखिनेछ। यदि तपाइँ यस चरण पछि पुनः अस्वीकृत हुनुहुन्छ भने, हार नगर्नुहोस् - न्यायाधीशसँग सुन्नुको लागि पुन: अपील गर्नुहोस्।

प्रत्येक पटक तपाईले अपील गर्नुहुन्छ, **<u>तपाईंसंग ६० दिन हुन्छ</u>** SSA लाई तपाई को मुद्दा फेरि समीक्षा गर्न को लागी। यदि तपाइँ हाल SSI प्राप्त गर्दै हुनुहुन्छ र SSI काटियो भने, **<u>तपाइँ निर्णयको 10 दिन भित्र</u>** अपील गर्नु पर्दछ ताकि SSA ले तपाइँको मुद्दा निर्णय गर्नी छ।

## कसरी मद्दत पाउने

SSA ले तपाईं असक्षम हुनुहुन्थिएन भनेको भएकाले तपाईंलाई SSI अस्वीकार गरियो भने, तपाईं व्यक्तिगत रूपमा सामुदायिक कानूनी सेवाहरूमा आउन सक्नुहुन्छ:

1410 West Erie Avenue
Philadelphia, PA 19140

सोमबार, बुधबार र शुक्रबार
बिहान 9:00 बजेदेखि मध्याह्न 12:00 बजेसम्म

वा

1424 Chestnut Street
Philadelphia, PA 19102

सोमबार देखि शुक्रबारसम्म
बिहान 9:00 बजेदेखि मध्याह्न 12:00 बजेसम्म

## आधारभूत उपायहरू

- **<u>नियमित रूपमा आफ्ना चिकित्सक र थेरापिस्टहरूसँग जाँच गराइरहनुहोस्</u>**। SSA लाई तपाईं अझै पनि असक्षम हुनुहुन्छ भनी प्रमाण आवश्यक हुन्छ। SSA लाई आफ्नो निर्णय गर्न आवश्यक जानकारी प्रदान गर्न नियमित रूपमा आफ्ना चिकित्सक र थेरापिस्टहरूसँग जाँच गराउनु एकदमै महत्त्वपूर्ण हुन्छ।
- **<u>विद्यालय र चिकित्सकहरूबाट सबै जानकारी संकलन गर्नुहोस्</u>**। तपाईंको SSI को मुद्दाको लागि चिकित्सा र विद्यालयका रेकर्डहरू एकदमै महत्त्वपूर्ण हुन्छन्। चिकित्सकहरू र विद्यालयबाट प्राप्त सबै कागजातहरूलाई सुरक्षित ठाउँमा राख्नुहोस् र तिनीहरूको तपाईंको मुद्दाको बारेमा कुनै पनि बैठकमा ल्याउनुहोस्।
- **<u>तपाईं सर्नुहुन्छ भने SSA लाई बताउनुहोस्</u>**। SSA ले तपाईंको मुद्दाको समीक्षा गरेपछि त्यसले तपाईंलाई पत्रहरू पठाउनेछ। उनीहरूसँग तपाईंको हालको ठेगाना हुन एकदमै महत्त्वपूर्ण हुन्छ जसकारण तपाईंले द्रुत रूपमा प्रतिक्रिया जनाउन सक्नुहुन्छ र अन्तिम मितिहरू छुट्नबाट रोक्न सक्नुहुन्छ।

**केन्द्र शहरको कार्यालय(Center City Office)**:
1424 Chestnut St. | Philadelphia, PA 19102-2505 | टेलिफोन: 215-981-3700 **clsphila.org**

**नर्थ फिलाडेल्फियाको कानून केन्द्र**:
1410 West Erie Ave. | Philadelphia, PA 19140-4136 | टेलिफोन: 215-227-2400

Nepali – Rev. Jul. 2019